रैनादेवी छहरा गाउँपालिका
Rainadevi Chhahara Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive

छहरा, पाल्पा
Chhahara, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
०७५- ६९१०२५
०७५- ६९२३८३

च.नं./Ref No.: १०५३
प.सं./Ltr.No.: ०७९।८०

मिति :२०७९/१०/२९

श्री सबै वडा कार्यालय,
रैनादेवी छहरा गाँउपालिका
छहरा, पाल्पा

विषय : बेरोजगार फाराम संकलन र छानविन गरि पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा श्रम रोगजार तथा सामाजिक सुरक्षा मन्त्रालयको ( प्रधानमन्त्री रोजगार कार्यक्रम) को मिति २०७९/१०/२३ को च.न./**pmep** ३३५ अनुसार चालु आ.व.२०८०/०८१ को लागी यस नगरपालिका भित्र सूचिकृत भई न्युनतम रोजगरीमा आवद्ध हुन चाहने तपशिल बमोजिमको मापदण्ड पुगेका इच्छुक निम्न वर्गिय बेरोजगार व्यक्तिहरुलाई न्युनतम १०० दिनको रोजगारी प्रदान गर्ने लागी सम्बन्धित वडा कार्यालयमा २०७९ फागुन २७ भित्र फाराम संकलन गरी भरिएका फारामहरु वडा अध्यक्षबाट प्रमाण्ति र वडा समितिद्वारा छानविन गराई वडा समितिको निर्णय सहितको वडा सिफारिस निवेदन संकलन गर्ने मिति समाप्त भएको सात (७) दिन भित्र रोजगार सेवा केन्द्रमा पुग्ने गरी पेश गर्नेहुन अनुरोध छ ।
तपशिल :

- निवेदक निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्युनतम १०० (एक सय) दिनको रोजगारमा संलग्न नभएको हुनुपर्ने छ ।
- स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्युनतम १०० (एक सय) दिन रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक बराबरको आय ( रु ५७७००/-) भन्दा कम आय भएको हुनुपर्ने छ ।
- निवेदक कम्तीमा १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेको हुनुपर्ने छ ।
- निवेदक नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्र भएको हुनुपर्ने छ ।
- नागरिकतामा फरक जारी जिल्ला भएमा बसाईसराई अथवा बिवहा दर्ता प्रतिलिपि अनिवार्य संलग्न हुनुपर्ने छ ।
- निवेदनमा उल्लेखित सम्पुर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कायालयबाट प्रमाण्ति भएको हुनुपर्ने छ ।
- निवेदक पुर्ण विवरण सहित रितपुर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको हुनुपर्ने छ ।

नोटः बेरोजगार फारमको लागी रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोला ।

काली बहादुर राना
रोजगार संयोजक

दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत